
## 1. Special Provision for Tax Exemption/Concessions on business Affected by COVID-19

Tax relief provided by the Finance ordinance 2077-78 to the taxpayer for the fiscal year 2076-77 as under;




### Covid-19 को संक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी सम्बन्धी विशेष व्यवस्था:

१) वार्षिक बीस लाख पैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७६।७७ मा लाग्ने करमा पचहतर प्रतिशत छुट हुनेछ।

२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने वार्षिक बीस लाख रुपैया देखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७६।७७ मा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ।

३) वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७६।७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशत छुट हुनेछ।

४) होटल, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैया भन्दा बढी कारोबार गर्ने व्यक्ति लाई आय वर्ष २०७६।७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा बीस प्रतिशतले छुट हुनेछ।

## 2. Provision Related to Social Security Tax (SST)

1) Pursuant to Section 1 of Schedule 1 of the Income-tax Act, 2058 BS, if a single natural person has an annual employment income of up to four lakh; it will be taxed at the rate of one per cent and in case of couple, there shall be four lakhs fifty thousand per annum instead of four lakhs.
2) **Such tax amount should be collected as tax deducted as sources (TDS).**
3) **Deducted amount should deposit under revenue head 11211** (पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर)

**Note:** Any *Income received from retirement fund shall not attract social security tax @ 1% as mentioned above.*

### 3. Special Provision for Contribution to Corona Prevention Fund:

Amount contributed to CORONA Infection Control, Prevention & Treatment fund established by the Govt. of Nepal, Province & local government shall be allowed as deductible expenses for the fiscal year 2076-77.

(कुनै व्यक्ति ले आर्थिक वर्ष २०७६।७७ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त बर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।)

### 4. Amount paid to worker does not hold PAN:

Notwithstanding anything contained in clause (Gha1) of subsection (1) of Section 21 of the Income Tax Act 2058, amount of wages paid to the casual worker not having PAN up to three thousand shall be allowed as deductible expenses for calculating business or investment income for the fiscal year 2076-77.

(आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ१) मा जुनसुकै कुरा लेखिएको भए तापिन कुनै व्यक्ति आर्थिक बर्ष २०७६।७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि पटके प्रकृति व्यक्ति लाई तीन हजार रुपैयासँम्मको ज्याला भुक्तानी गर्दा भुक्तानी प्राप्त गर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर नलिएको भए तापनि त्यस्तो खर्च कट्टी गर्न पाउनेछ। )

### 5. Special Provision for Invoice not mentioning PAN:

Notwithstanding anything contained in clause (Gha2) of sub-section (1) of Section 21 of the Income Tax Act 2058, The expenses incurred up to 2,000 on procurement of agro based, forestry based, animal husbandry based or other household goods from natural person not conducting commercial transactions shall be allowed as deductible expenses for calculating business or investment income.

(आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ२) मा जुनसुकै कुरा लेखिएको भए तापिन कुनै व्यक्तिले आर्थिक वर्ष २०७६।७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि व्यावसीयक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिद तथा स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँसम्मको बीजक बापतको खर्च कट्टी गर्न पाउनेछ।)

### 6. Waiver of charges, interest and fees

1. If any tax payer registers and obtains PAN and files the income tax return for FY 2074-75 and 75-76 by the end of Falgun 2077, interest and penalties for the previous period will be waived.

   कुनै पनि व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायीलेखा नम्बर लिई आर्थिक वर्ष २०७४।७५ र २०७५।७६ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ।

2. There will be no tax, interest and penalties of previous period due if an individual submit and paid tax as per subsection (1) as above.

   उपदफा ( १) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक बर्षको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

3. Interest, tax and fines shall be levied on the person for entire income earned period if such person does not submit the income tax return and not paid tax liabilities as stated above.

   उपदफा (१) बमोजिम आय विवरण सहित कर दाखिला नगर्ने व्यक्तिसँग आय आर्जन गरेको अवधिको आय विवरण दाखिला गर्न लगाइ तिर्न पर्ने कर, शुल्क तथा ब्याज असुल गरिनेछ।

4. If a natural person with transaction up to 50 lakhs has already obtained PAN but has not filed income tax return files income tax return for the FY 2073-74, 74-75 and 75-76 and paid applicable tax on the same along with 25% interest by the end of Falgun 2077, additional charges such as tax, interest and fines for earlier years will be waived.

   स्थायी लेखा नम्बर लिई आय बिवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक बर्ष २०७३। ७४, २०७४। ७५ र २०७५। ७६ को आय विवरण, सा`आय विवरण अनुसार को आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरु को आय विवरण पेश गर्नु पर्ने छैन र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ ।

5. If a natural person or entity with turnover of more than Rs 50 lakhs has obtained PAN but not filed income tax returns for FY 2073-74 and earlier years submits the return and pays the taxes along with 25% interest by the end of Falgun 2077, fees and the balance interest will be waived.

   स्थायी लेखा नम्बर लिई आर्थिक बर्ष २०७३ ।७४ वा सो भन्दा अघिको आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँभन्दा बढीको कारोबार गर्ने प्राकृतिक व्यक्ति वा निकायले आय विववरण, सो आय विववरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन् मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ ।


## ORA Consultancy Service Pvt. Ltd.

**Geetanjali Chowk, Nayabazar Khushibun, Kathmandu (44611), Beside Guitar Shop**

+977-9848759897

info@oraconsultancy.com.np

Www.oraconsultancy.com.np

**Branch Office: Butwal-11** Devinagar Rupandehi